# गुर्भाकोट नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय

☎ ९८५८०६५१११

शुभाघाट, सुर्खेत
कर्णाली प्रदेश, नेपाल

प.सं. : २०८०/०८१
च. नं. :

## कवाडी कर उठाउने सम्बन्धी प्रस्ताव आव्हान गरिएको सूचना।

प्रथम पटक प्रकाशित मितिः २०८०/०५/२४

यस नगर कार्यपालिकाको मिति २०८०/०५/०७ गतेको बैठकको निर्णयानुसार नगरपालिकाले तपसिलमा उल्लेखित आन्तरिक कर असुली गर्न आ.व. २०८०/०८१ को लागि कवाडी ठेक्का बन्दोवस्त गर्ने सम्बन्धमा यो सूचना प्रकाशन गरिएको छ। यस प्रस्तावमा भाग लिन चाहने प्रचलित कानून बमोजिम दर्ता भई प्रमाणपत्र लिएका इच्छुक व्यवसायी वा व्यक्तिहरुले सूचना प्रकाशन भएको मितिले १५ (पन्ध्र) दिन भित्र यस कार्यालयमा तपसिल अनुसारको शर्तको अधिनमा रही प्रस्ताव पेश गर्नु हुन सम्बन्धित सबैमा जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

१. आफुले लिन चाहेको ठेक्का र कबुल गरेको ठेक्का रकम स्पस्ट बुझिने गरी अंक र अक्षरमा खुलाई सहि छाप गरी आफै वा आफ्नो प्रतिनिधिद्वारा ठेक्का नम्बर उल्लेख गरी सिलबन्दी प्रस्ताब पत्र पेश गर्नुपर्दछ ।
२. उल्लेखित ठेक्काको कर दस्तुर दररेट नगरपालिकाको आर्थिक ऐन,२०८० बमोजिम हुनेछ ।
३. म्याद नाघी वा रित नपुगी प्राप्त भएको प्रस्ताव पत्र उपर कारबाही हुने छैन ।
४. प्रस्ताव पत्र स्वीकृत भएमा सोको सूचना पाएको वा घरदैलोमा सूचना टाँस भएको मितिले ७ (सात) दिन भित्र मल्य अभिबृद्बी कर दर्ता प्रमाण पत्र समेत लिई ठेक्का अंकको प्रथम किस्ता बापतको ५०% रकम अग्रीम कर र बाँकी ५० % रकम बराबरको मान्यता प्राप्त बाणिज्य बैंकबाट यस नगरपालिकाको नाममा जारी भएको २०८१ साल असार मसान्त सम्म म्याद भएको बैंक ग्यारेन्टी (Performance Brand) समेत पेश गरी ठेक्का सम्झौता गर्नु पर्नेछ ।
५. प्रस्ताव खोल्ने समयमा प्रस्तावदाता स्वयम् वा निजको प्रतिनिधी उपस्थित नभएमा पनि प्रस्तावपत्र खोल्न बाँधा पुग्ने छैन ।
६. प्रस्ताव दाखिला गर्ने अन्तिम मिति २०८०/०६/०७ गते दिनको १२:००बजे सम्म हुनेछ ।
७. प्रस्ताव मिति मिति २०८०/०६/०७ गते दिनको २:०० बजे खोलिने छ । प्रस्ताव स्वीकृत गर्ने, वा आंशिक स्वीकृत गर्ने अधिकार नगर कार्यपालिकाको कार्यालयमा निहित रहने छ । प्रस्ताव स्वीकृत गर्दा अधिकतम कबोल गर्ने प्रस्तावनालाई गरिनेछ ।
८. यो सूचनामा उल्लेखित भएको कुराहरु यसै सूचना बमोजिम र उल्लेख नभएको कुराहरुको हकमा प्रचलित कानुन बमोजिम हुनेछन् ।
९. प्रस्तावपत्र खरिद गर्ने तथा दाखिला गर्ने अन्तिम दिन बिदा परेमा सोको भोलिपल्ट खरिद तथा दाखिला गर्न सकिने छ ।

तपसिल

| क्र. स. | आय ठेक्का नं | शिर्षक | न्यूनतम ठेक्का अंक मु.अ. कर वाहेक | कैफियत |
|---|---|---|---|---|
| १ | ३-२०८०/०८१ | गुर्भाकोट नगरपालिका भित्र कवाडी सामान उठाउने सम्बन्धी ठेक्का । | १,००,०००।(अक्षरुपी एक लाख मात्र) | रु. १००० को राजश्व दाखिला गरी प्रस्तावपत्र खरिद गर्नुपर्ने छ । |

२०८०/०५/२४

पूर्ण बहादुर खत्री
प्रमुख प्रशासकीय अधिकृत

"सुख र समृद्धिको अठोट, समुन्नत गुर्भाकोट"

Website: www.gurbhakotmun.gov.np, Email: sktgurbhakotmun@gmail.com

CamScanner